# नेपाल उद्योग वाणिज्य महासंघ
# Federation of Nepalese Chambers of Commerce & Industry

FNCCI


पत्र संख्याः एजिएम १ - ४२/६५ (            )

२०६५/२/१२

**श्री सदस्य महानुभावहरु,**
**नेउवामहासंघ ।**

**बिषयः विशेष साधारण सभाको सूचना ।**

महोदय,

यस महासंघको विधान (पाँचौं संशोधन) मा महासंघको निर्वाचनको लगतै जेष्ठ मसान्त भित्र विशेष साधारण सभा गर्नु पर्ने प्रावधान भए अनुसार **"विशेष साधारण सभा" २०६५ साल जेष्ठ ३१ गते शुक्रवार (तदनुसार १३ जुन २००८)** एक दिन **पोखरा**मा आयोजना गर्ने निर्णय अनुसार कार्यक्रम तर्जुमा भएको जानकारी गराउन पाउंदा हर्ष लागेको छ ।

**पोखरा सभागृह – सभागृह चोक**, न्यूरोड, पोखरामा पहिलो पटक हुन गई रहेको महासंघको विशेष साधारण सभा सम्बन्धी संक्षिप्त कार्यक्रम र अन्य व्यवस्था निम्न अनुसार छ ।

१. **समुद्घाटनः**

विशेष साधारण सभाको समुद्घाटन २०६५ साल जेष्ठ ३१ गते शुक्रवार विहान १०:०० बजे गर्ने गरी कार्यक्रम तर्जुमा गरिएको छ ।

२. **मुख्य कार्यक्रमः**

२(१) प्रमुख अतिथिबाट विशेष साधारण सभाको समुद्घाटन र सम्बोधन ।

२(२) अध्यक्षको सम्बोधन माथि छलफल गरी अनुमोदन गर्ने ।

२(३) महानिर्देशकद्वारा प्रस्तुत "वार्षिक प्रतिवेदन २०६४/६५" माथि छलफल गरी अनुमोदन गर्ने ।

२(४) आ.व. २०६३/६४ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात र आय व्यय विवरण माथि छलफल गरी अनुमोदन गर्ने ।

२(५) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

२(६) बिषयसूचीमा समावेश अन्य बिषयहरु माथि छलफल गरी निर्णय गर्ने ।

[द्रष्टव्य : बिषयसूचीमा (१) निजी क्षेत्रको आर्थिक एजेण्डा र (२) सरकारको आगामी बजेट २०६५।६६ वारे निजी क्षेत्रको तर्फबाट सुझाव प्रस्तुत हुने छ ।]

(७) मुख्य प्रतिनिधिहरुद्वारा मन्तव्य ।

[द्रष्टव्य : समुद्घाटनको विस्तृत कार्यक्रम र सभाको अरु थप कार्यक्रम सभा स्थलमा उपलव्ध गराईने छ ।]

क्रमशः ..... २


P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

http://www.fncci.org


STOP Child Labour

३. **सभामा प्रतिनिधित्वः**

३(१) विशेष साधारण सभामा भाग लिने प्रतिनिधि मण्डलको नियुक्तिको लागि भर्नु पर्ने प्रतिनिधि पत्र २ (दुई) यसै साथ संलग्न छ । उक्त प्रतिनिधि पत्र महासंघको सचिवालय टेकू, काठमाडौंमा यही जेष्ठ ३० गते भित्र दर्ता गराई सक्नु पर्ने छ ।

प्रतिनिधि दर्ताको व्यवस्था जेष्ठ ३० गतेदेखि पोखरा उद्योग वाणिज्य संघमा रहने महासंघको सचिवालयमा र जेष्ठ ३१ गते विहान ९:०० बजेदेखि सभा शुरु हुनु अघिसम्म पोखरा सभागृह, पोखरामा पनि मिलाईने छ ।

३(२) साधारण सभामा भाग लिन प्रत्येक जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघबाट मुख्य प्रतिनिधि समेत २ (दुई) जनासम्म, बस्तुगत संघबाट मुख्य प्रतिनिधि समेत २ (दुई) जनासम्म र द्विराष्ट्रिय उवासंघ एवं एशोसिएट सदस्यबाट १/१ (एक/एक) जना प्रतिनिधि पठाउन सकिने छ ।

३(३) साधारण सदस्य र द्विराष्ट्रिय संघ समेतको हकमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्नेछ । अध्यक्ष सभामा उपस्थित हुन नसक्ने भएमा महासंघको विधानको दफा २९(३) अनुसार सम्बन्धित सदस्य संघको कार्य समिति/कार्यकारिणी समितिले आफू मध्येबाट मुख्य प्रतिनिधि नियुक्तिको निर्णयको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

४. **वार्षिक सदस्यता शुल्क एवं प्रतिनिधि शुल्कः**

४(१) विशेष साधारण सभा शुरु हुनु अगावै आ.व. २०६४/६५ को महासंघको वार्षिक सदस्यता शुल्क तिरी सकेका सदस्य संघ/संस्थाहरुको मुख्य प्रतिनिधि तथा प्रतिनिधिले उक्त सभामा भाग लिन सकिने छ ।

४(२) विशेष साधारण सभामा भाग लिन जनही रु. ५००। (पाँच सय रुपैयां) प्रतिनिधि शुल्क लाग्ने छ ।

४(३) सदस्य संस्थाहरुबाट सभामा पर्यवेक्षक समेत पठाउन सक्ने व्यवस्था भएको र सोको लागि जनही रु. ५००। (पाँच सय) शुल्क लाग्ने छ ।

५. **प्रस्तावः**

विशेष साधारण सभाको बिषयसूचीमा समावेश हुने (१) निजी क्षेत्रको आर्थिक एजेण्डा र (२) सरकारको आगामी बजेट २०६५।६६ वारे सुझाव/प्रस्ताव भएमा महासंघको सचिवालयमा **२०६५ साल जेष्ठ २५ गते कार्यालय समय** भित्र आई पुग्ने गरी पठाउनु पर्ने छ ।

**संलग्नः**

१. वार्षिक प्रतिवेदन (आ.व. २०६३/६४ को वासलात र लेखापरीक्षकको प्रतिवेदन सहित) ।

२. प्रतिनिधि पत्र थान २ (दुई) ।

**बोधार्थः**
श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरु, नेउवामहासंघ ।
श्री का.स. सदस्यज्यूहरु, नेउवामहासंघ ।

भवदीय,

( मेघनाथ न्यौपाने )
का.मु. महानिर्देशक